# प्रदेश सभाको बैठकमा माननीय प्रदेश प्रमुख श्री दीपक प्रसाद देवकोटाद्वारा प्रस्तुत

# बागमती प्रदेश सरकारको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम

बागमती प्रदेश सरकार

२०८२ जेठ १४ गते

**बागमती प्रदेश सभाका माननीय सभामुखज्यू,**
**प्रदेश सभाका माननीय सदस्यहरु,**

बागमती प्रदेश प्रमुखको रुपमा प्रदेशको सम्मानित सदनको बैठकलाई सम्बोधन गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ।

सर्वप्रथम, सङ्घीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र समग्र मुलुकको दिगो शान्ति, प्रगति, समुन्नतिका लागि देशमा भएका क्रान्ति, सशस्त्र आन्दोलन तथा जनआन्दोलनहरूमा अमूल्य जीवन अर्पण गर्नु हुने महान् शहीदहरुप्रति भावपूर्ण श्रद्धासुमन अर्पण गर्दै विभिन्न कालखण्डमा राष्ट्रको गौरव, एकता र अखण्डतालाई अक्षुण्ण राख्न बलिदानी दिने सम्पूर्ण वीर वीरङ्गनाहरुलाई स्मरण गर्न चाहन्छु।

बागमती प्रदेश सरकार गठनको समयमा भएको **नीतिगत प्राथमिकता र न्यूनतम साझा प्रतिबद्धता**लाई केन्द्रमा राखी **बागमती प्रदेशको रुपान्तरणको लागि आर्थिक समृद्धि र समतामूलक समाज** निर्माण गरी **समृद्ध बागमती प्रदेश सुखी प्रदेशबासी**को आधार तयार गर्न यो सरकार दृढ सङ्कल्पित छ।

**सुदृढ सङ्घीयताको जग बलियो प्रदेश र सबल स्थानीय तह** भएकोले आम जनतामा सुशासन अनुभूत गराउन तहगत समन्वय तथा सहकार्य गर्दै आर्थिक सामाजिक रुपान्तरणका लागि बागमती प्रदेश सरकारले आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रममा निम्न विषयलाई प्राथमिकता दिएको छ।

क) संविधानप्रदत्त तथा कार्यविस्तृतीकरण प्रतिवेदनमा उल्लिखित प्रदेशको एकल अधिकार कार्यान्वयनमा विशेष जोड दिँदै साझा अधिकारको कार्यान्वयनमा समन्वय र सहकार्य गरिनेछ।

ख) प्रदेशका सबै क्षेत्रगत नीति, योजना, कार्यक्रम तर्जुमा तथा कार्यान्वयनमा विपद् संवेदनशीलतालाई आत्मसात गरिनेछ। तहगत सरकारको समन्वयमा गत वर्षको बाढी र पहिरोबाट क्षति भएका भौतिक संरचनाको पुनर्निर्माण र पुनर्स्थापनालाई प्राथमिकता दिइनेछ।

ग) भौतिक पूर्वाधार निर्माणमा एकद्वार प्रणाली अवलम्बन गरिनेछ। बहुबर्षीय योजनाहरुको मापदण्ड निर्धारण गरी आर्थिक वर्षको पहिलो चौमासिकभित्रै स्रोत सुनिश्चितता प्रदान गर्ने व्यवस्था मिलाइनेछ। हाल चालु रहेका क्रमागत आयोजनाहरुलाई पुनःप्राथमिकीकरण गरी आगामी आ.व. २०८२/०८३ मा सम्पन्न हुने आयोजनाहरुलाई प्राथमिकता दिइनेछ। प्रदेश गौरवका आयोजना, बहुवर्षीय आयोजना र क्रमागत आयोजनाहरु तोकिएको समयभित्रै सम्पन्न गर्ने व्यवस्था मिलाइनेछ।

घ) आयोजना छनौट पद्धतिलाई व्यवस्थित र पारदर्शी बनाई बजेट निर्माण तथा कार्यान्वयन प्रक्रियामा सुशासन कायम गर्न प्रदेश आयोजना बैंक व्यवस्थापन सूचना प्रणालीलाई तहगत आबद्धता कायम गरी सञ्चालन गरिनेछ। प्रत्येक प्रदेश निर्वाचन क्षेत्रमा समेत आयोजना पहिचान र प्राथमिकीकरण गरिनेछ।

ङ) प्रदेशमा लगानी सम्भावना पहिचान गर्न लगानी सम्मेलन आयोजनाका लागि नीतिगत, कानूनी तथा संरचनागत व्यवस्था मिलाइनेछ।

च) प्रदेशको समष्टिगत आर्थिक वृद्धिका लागि सार्वजनिक, निजी तथा सहकारी क्षेत्रको साझेदारी एवम् उत्पादन र रोजगारी सृजना गर्न निजी क्षेत्रको नेतृत्वदायी भूमिका सुनिश्चितताको लागि नीतिगत तथा संरचनागत सुधार गरिनेछ।

छ) प्रदेशको पूर्ण वा सहलगानीमा निर्माण भई स्थानीय तहलाई हस्तान्तरण हुने र आम्दानीको निश्चित प्रतिशत प्रदेशले प्राप्त गर्न सक्ने आयोजना/परियोजना निर्माणलाई प्राथमिकता दिने नीति अवलम्बन गरिनेछ।

ज) राष्ट्रिय प्राथमिकता प्राप्त परियोजना, प्रदेशको प्रशासनिक भवन तथा आवासको निर्माण कार्य सुरु गरिनेछ। प्रदेशको विद्यमान संरचना र जनशक्तिको पुनरावलोकन गरी अनावश्यक संरचना खारेज गर्ने, गाभ्ने र छरितो बनाइनेछ। प्रदेश सरकारको प्रशासनिक तथा अनुगमन कार्यलाई विद्युतीय प्रणालीमा आधारित बनाइनेछ।

झ) प्रदेश सरकारले बनाएका नीति तथा कानूनहरुको कार्यान्वयन अवस्थाको अध्ययन एवम् विश्लेषण गरी सङ्घीय कानून तथा नीतिहरुसँग तादात्म्यता कायम गरिनेछ।

ञ) प्रदेशको समग्र विकास कार्यहरुलाई अध्ययन अनुसन्धानमा आधारित बनाउन विश्वविद्यालय तथा अनुसन्धान प्रतिष्ठानहरुसँग सहकार्य गरिनेछ।

**माननीय सदस्यहरु,**

१. उच्च प्रतिफलयुक्त र आन्तरिक आयमा योगदान दिन सक्ने ठूला प्रकृतिका आयोजनाको छनौट तथा प्रभावकारी कार्यान्वयन गरी उत्पादन अभिवृद्धि र रोजगारीको अवसर सिर्जना गरिनेछ।

२. बजेट विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र वित्तीय अनुशासन अभिवृद्धि गर्दै अनुत्पादक चालु खर्चमा कटौती गरी प्रदेश सरकारको सार्वजनिक खर्चमा मितव्ययिता कायम गरिनेछ।

३. आन्तरिक आयस्रोत कम भएका तथा मानव विकास सूचकाङ्कमा कमजोर रहेका स्थानीय तहको एकीकृत विकासका लागि वित्तीय हस्तान्तरणमा प्राथमिकता दिइनेछ।

४. सङ्घ तथा प्रदेश सरकारबाट प्रशासनिक, आर्थिक एवम् राजस्व सुधार सुझावका सम्बन्धमा भएका अध्ययन प्रतिवेदनहरुको सिफारिसहरुलाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ। प्रदेशको राजस्वको दायरा विस्तार गर्दै राजस्व चुहावट नियन्त्रण गर्न अन्तर प्रदेश समन्वय मार्फत प्रदेशका करका दरहरुमा एकरुपता कायम गर्दै लगिनेछ।

**माननीय सदस्यहरु,**

५. **"सडक र पुलः विकासको मूल"** अन्तर्गत प्रादेशिक सडक यातायात गुरुयोजना अद्यावधिक गरी प्राथमिकताका आधारमा प्रादेशिक लोकमार्ग, प्रादेशिक मार्गहरू लगायत प्रदेशका अन्य महत्वपूर्ण सड़कहरूको विकास, विस्तार र स्तरोन्नति

गरिनेछ। प्रादेशिक सडक यातायात गुरुयोजनामा उल्लिखित बाहेक अन्य स्थानमा ट्र्याक खोल्ने कार्यलाई निरुत्साहित गरिनेछ।

६. **"नियमित मर्मत सम्भारः दिगो सडकको आधार"** अन्तर्गत प्रदेश सरकारबाट निर्मित सडकहरूको नियमित मर्मत सम्भार गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। सडकबाट प्राप्त हुने शुल्कमा प्रदेशको पनि हिस्सेदारी रहने गरी सडक बोर्ड ऐनलाई समयानुकूल परिमार्जन गर्न नेपाल सरकारसँग पहल गरिनेछ।

७. **"गुणस्तरीय पूर्वाधार, दिगो विकासको आधार"** अन्तर्गत पूर्वाधार निर्माणका लागि क्रमशः प्रदेशस्तरीय पूर्वाधार गुणस्तर प्रयोगशालाहरू निर्माण गर्दै लगिनेछ। सडक सुरक्षा प्रवर्धन गर्न महत्वपूर्ण प्रादेशिक सडकहरूमा सडक सुरक्षा प्रविधि तथा उपकरणहरूको बन्दोबस्ती गरिनेछ। भौतिक पूर्वाधारको निर्माणमा स्वदेशी निर्माण सामग्रीहरूको प्रयोगलाई प्राथमिकता दिइनेछ।

८. भवन निर्माण क्षेत्रमा एकरूपता ल्याई व्यवस्थित बनाउन स्थानीय मौलिकता र वास्तुकलाको संरक्षणमा जोड दिँदै प्रदेश सरकारबाट निर्माण हुने सम्पूर्ण सरकारी भवनहरूको निर्माणमा एकद्वार प्रणाली लागू गरिनेछ।

९. **"विपन्न मैत्री पूर्वाधार, ग्रामीण विकासको आधार"** अन्तर्गत जनता आवास कार्यक्रम, खरको छाना विस्थापन कार्यक्रम र मानव विकास सूचकाङ्कमा पछाडि परेका स्थानीय तहहरुमा सडक सञ्जालको विकासलाई प्राथमिकता दिइनेछ।

१०. **"एकीकृत बस्ती, समृद्ध शहरको नीति"** अन्तर्गत दिगो आर्थिक वृद्धिका लागि भौतिक पूर्वाधारका क्षेत्रमा सार्वजनिक तथा निजी लगानीलाई प्रवर्धन गर्दै एकीकृत बस्ती विकास गुरुयोजना तर्जुमा गरी प्रदेशभित्रका उदीयमान शहर,

स्थानीय तहको केन्द्रहरू तथा बजार केन्द्रहरूमा मौलिक पहिचान सहितको व्यवस्थित शहरी पूर्वाधार निर्माण गरिनेछ।

११. धार्मिक पर्यटन प्रवर्धनका लागि बागमती प्रदेशमा रहेका शिवशक्ति पिठहरु जोड्ने **बागमती प्रदेश शिव सर्किट परियोजना**को विस्तृत अध्ययन गरी निर्माण कार्य शुरुवात गरिनेछ।

**माननीय सदस्यहरु,**

१२. नागरिकहरुलाई खाद्य तथा पोषण सुरक्षाको प्रत्याभूति गर्न निजी तथा सहकारी क्षेत्रसँगको सहकार्यमा व्यावसायिक कृषिको प्रवर्धन गरी प्रदेशलाई खाद्यान्न, तरकारी, फलफुल, पशुपन्छी, मत्स्य उपजहरुमा आत्मनिर्भर बनाउदै लगिनेछ।

१३. तरकारी, फलफूल तथा माछामासु जस्ता उपजहरुमा किसानले पाउने र उपभोक्ताले तिर्ने मूल्य अन्तरलाई घटाउन तहगत सरकारको सहकार्यमा पाइलटिङ्गको रुपमा १६ स्थानीय तहमा सूचना प्रविधिमा आधारित कृषि उपज बजार केन्द्र स्थापना गरी विषादी अवशेष परीक्षण समेतको व्यवस्था मिलाइनेछ। किसानले पाउने मूल्य सुनिश्चितताको लागि पहिचान गरिएका उपजहरुमा तहगत सरकारको समन्वयमा न्यूनतम समर्थन मूल्य (एम.एस.पी.) तोक्ने नीति लिइनेछ।

१४. समुदायमा आधारित **एक वडा एक कृषि उत्पादन कार्यक्रम, दुध उत्पादन एवम् दुग्धजन्य उत्पादनको निर्यातमा प्रोत्साहन अनुदान** र **कृषि सहुलियतपूर्ण कर्जा (ब्याज अनुदान) कार्यक्रम**लाई तहगत सरकारको समन्वयमा निरन्तरता

दिइनेछ। निक्षेप तथा कर्जा सुरक्षण कोषसँगको साझेदारीमा कृषिमा लगानी अभिवृद्धि गरिनेछ।

१५. युवाहरुलाई स्टार्टअप ग्रान्ट सहितको व्यवहारिक सीपमूलक तालिमको व्यवस्था गरी कृषिमा युवालाई आकर्षित गर्न भूमि, कृषि सामग्री, बिमा र बजारको बलियो इकोसिस्टम कायम गरिनेछ। **कृषि ज्ञान रत्न प्रवर्धन कार्यक्रम**लाई निरन्तरता दिइनेछ।

१६. माटोमा देखिएको बढ्दो अम्लियपनलाई नियन्त्रण तथा प्राङ्गारिक पद्धार्थको मात्रालाई वृद्धि गर्न स्थानीय तहसँगको सहकार्यमा **माटो स्वास्थ्य सुधार कार्यक्रम** सञ्चालन गरिनेछ।

१७. नेपाल कृषि अनुसन्धान परिषद्सँगको सहकार्यमा नवीनतम अनुसन्धानमूलक परीक्षणहरु गर्न विभिन्न फार्म/केन्द्रहरुलाई विशिष्टिकृत स्रोत केन्द्रको रुपमा परिणत गरिनेछ। रैथाने बाली बिउ, जात र नश्लको संरक्षण, संवर्धन, प्रवर्धन गर्दै **बिउविजन आत्मनिर्भर कार्यक्रम**लाई प्रभावकारी बनाइनेछ। बिउ विजन, फलफूल बिरुवा, पशुपन्छी, मत्स्य, नश्ल सुधारमा प्रदेशलाई सक्षम बनाउन निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

१८. सहकारी संघ संस्था, कम्पनीहरुसँगको लागत साझेदारीमा स्मार्ट कृषि फार्म स्थापना गरिनेछ। **एक जिल्ला एक विशेष कृषि उत्पादन पकेट क्षेत्र कार्यक्रम** कार्यान्वयन गरिनेछ।

१९. "**किसानको हात, सरकारको साथ**" भन्ने अभियानलाई साना, अर्ध-व्यावसायिक, निर्वाहमुखी, विपन्न, सीमान्तकृत, सेवाबाट वञ्चित भएका किसानहरुको जीविकोपार्जन सुधारसँग जोड्ने कार्यक्रम सञ्चालन गरिनेछ। विपद्बाट

कृषिमा परेको असरको क्षति न्यूनीकरण तथा पुनर्स्थापना गर्न पीडित कृषक परिवारलाई राहत उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइनेछ।

२०. "**कृषि रुपान्तरणको आधारः प्रविधि र पूर्वाधार**" भन्ने अभियानका साथ कृषि उत्पादन अभिवृद्धि गर्न प्रविधि र भौतिक पूर्वाधार निर्माणमा निजी, सहकारी क्षेत्रलाई समेत लगानी गर्ने वातावरण तयार गरिनेछ। सर्वयाम सिँचाइ सुविधा उपलब्धताको लागि साना सिँचाइ संरचनाको निर्माण तथा मर्मत सम्भार, अन्न भण्डारण गृह लगायतका कार्यक्रम सञ्चालन गरिनेछ। विगतमा निर्मित अपुरा अधुरा कृषि संरचनाहरु सम्पन्न गरी सञ्चालनमा ल्याइनेछ।

२१. प्रदेशमा उत्पादित पशुजन्य वस्तुको अन्तर्राष्ट्रिय बजारमा पहुँच विस्तार गर्दै लगिनेछ। खोरेत लगायत महामारीजन्य संक्रामक रोगहरुको पहिचान, नियन्त्रण तथा रोकथामको लागि आधुनिक प्रविधिको प्रयोग गर्दै विशेष खोप अभियान कार्यक्रमहरु सञ्चालन गरिनेछ।

२२. सङ्घीय सरकारको समन्वयमा कृषि बिमा एवम् किसान पहिचान/सूचीकरण/वर्गीकरण कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ। कृषि उत्पादकत्व अभिवृद्धि, बजार व्यवस्थापन तथा रोजगारी सृजनाको लागि तहगत सरकार तथा संघसंस्थाहरुसँग कृषि र पशुपन्छी क्षेत्रको अनुसन्धान, प्रविधि विकास र विस्तारमा सहकार्य गरिनेछ।

२३. पशुपालनको लागि वर्षैभरी चरन तथा आहाराको व्यवस्था गर्न समुदाय तथा सहकारीमा आधारित घाँस खेतीलाई प्रोत्साहन गरिनेछ। सुख्खायाममा पनि उत्पादन र उत्पादकत्व बढाउन उपयुक्त पशु आहार, सुक्ष्म पोषण, प्रजनन

तथा घाँसेबाली र साइलेज, हे तथा अन्य प्रविधिको विकास एवम् विस्तार गरिनेछ।

२४. रासायनिक मल, औषधी, विषादी, फलफूल बिरुवा र बिउ विजन तथा मासु, दुध र दाना लगायतका वस्तुहरुमा गुणस्तर मापदण्ड पालनालाई सुनिश्चित गर्न प्रभावकारी नियमन गरिनेछ।

२५. कृषि उत्पादनको वृद्धि, बजार व्यवस्थापन तथा रोजगार सृजनाको लागि तहगत सरकार, अन्तर्राष्ट्रिय विकास साझेदार एवम् सहकारी संघसंस्थाहरुसँग कृषि र पशुपन्छी क्षेत्रको अनुसन्धान, प्रविधि विकास र विस्तारमा सहकार्य गरिनेछ।

**माननीय सदस्यहरु,**

२६. प्रदेश भित्रका सामुदायिक र राष्ट्रिय वनहरुको वन संवर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापनका माध्यमबाट उत्पादन, उत्पादकत्व र वातावरणीय लाभ अभिवृद्धि गर्ने, व्यावसायिक पर्यापर्यटन बिस्तार गर्ने तथा वन समूह आफै वा निजीक्षेत्रको साझेदारीमा वन पैदावारमा आधारित उद्यम विकास गरिनेछ।

२७. आर्थिक हिसाबले महत्वपूर्ण जडिवुटी प्रजातीहरुको पहिचान गरी तिनीहरुको वितरण र प्रचुरताको आधारमा विस्तृत नक्साङ्कन (NTFPs maps) तयार गरिनेछ। यस्ता जडिबुटी प्रजातीहरुको संरक्षण, खेती बिस्तार, सङ्कलन, प्रशोधन तथा बजार प्रवर्धनका लागि आवश्यक सहजीकरण गरिनेछ।

२८. वन क्षेत्रमा अध्ययन, अनुसन्धान, प्रविधि विकास तथा मानव संशाधन विकास गर्ने उद्देश्यले वन अनुसन्धान तथा तालिम केन्द्र, गोदावरीलाई प्रदेशस्तरीय

वन स्रोत तथा वातावरण सम्बन्धी श्रोत साधन सम्पन्न अनुसन्धान तथा सूचना केन्द्रको रुपमा विकास गरिनेछ।

२९. प्रादेशिक तथा स्थानीय विकास निर्माणका कार्यहरु सञ्चालनका लागि वनक्षेत्र प्रयोग गर्नुको विकल्प नभएको अवस्थामा विकास निर्माणबाट सिर्जना हुन सक्ने वातावरणीय समस्याहरुको सम्बोधन गरी विकास र वातावरणबीच सन्तुलन कायम गरिनेछ।

३०. सरकारद्वारा व्यवस्थित वन र सामुदायिक वन उपभोक्ता समूहबाट समूह बाहिर काठ दाउरा बिक्री गरी प्राप्त रकमको तोकिएको अंश वन डढेलो नियन्त्रण तथा व्यवस्थापनमा खर्च गर्नुपर्ने कानूनी व्यवस्था मिलाइनेछ। डिभिजन भित्रका आर्थिक रुपले सक्षम सामुदायिक वनहरुको आयस्रोतबाट निश्चित अंश न्यून आय भएका सामुदायिक वनहरुको संरक्षण र व्यवस्थापनको लागि उपलब्ध हुने व्यवस्था मिलाइनेछ।

३१. **"संरक्षित जलाधार, समुन्नतिको आधार"** भन्ने नारा सहित प्रदेशस्तरीय एकीकृत जलाधार व्यवस्थापन योजना तयार गरी बायोइन्जिनियरिङ प्रविधिको प्रयोग गर्दै जैविक, भौतिक तथा मानवीय दृष्टिले जोखिमपूर्ण जलाधार क्षेत्रहरुको संरक्षण र व्यवस्थापन गरिनेछ।

३२. मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका लागि वन्यजन्तुको वासस्थान, कृषि उपजलाई क्षति पुऱ्याउने वन्यजन्तुको व्यवस्थापन, वनसँग जोडिएका जग्गामा वन्यजन्तुले नरुचाउने प्रजातीका जडिबुटी तथा गैरकाष्ठ प्रजाती र वनक्षेत्र भित्र फलफूल रोपण (फ्रुट फरेष्ट्री) गरिनेछ। वन्यजन्तुबाट पीडित

परिवारहरुलाई उचित राहत वितरण गर्ने कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

३३. **"सबै तिर वनः स्वस्थ जीवन"** भन्ने नाराका साथ बाँझो तथा खेर गइरहेको क्षेत्र, सडक र नहरको दायाँबायाँ, खाली रहेको ऐलानी पर्ति जग्गाहरु, पार्क तथा धार्मिक क्षेत्रहरुमा उपयुक्तता, स्थानीयको माग र व्यवस्थापनका उद्देश्यसँग मेलखाने किसिमका प्रजातीहरुको वृक्षारोपण गरिनेछ। वनक्षेत्र लगायतमा रहेका खालि जग्गाहरुमा कृषिवन प्रणाली प्रवर्धन गरिनेछ। प्रकृति, संस्कृति र पर्यटनको संगमका रुपमा साँस्कृतिक बाटिकाहरुको स्थापना गरिनेछ।

३४. वातावरणीय नियमहरुको अनुपालन, अनुगमन तथा नियमन गर्नको लागि संस्थागत सुदृढीकरण गरिनेछ। वातावरणीय गुणस्तर सूचक तथा मापदण्डको विकास गरी सोको नियमित मापनको लागि उपयुक्त प्रविधिसहितको संयन्त्र स्थापना गरिनेछ। वातावरण प्रदुषणजन्य सामग्रीको उपयोगमा न्यूनीकरण, पुनर्प्रयोग तथा पुनर्चक्रिकरण सिद्धान्त अवलम्बन गरिनेछ।

**माननीय सदस्यहरु,**

३५. जनघनत्व, बिरामीको चाप तथा तथ्यमा आधारित, गुणस्तरीय, अत्याधुनिक स्वास्थ्य सेवाको विकासका लागि जनशक्ति, भौतिक पूर्वाधार तथा औजार उपकरणको व्यवस्थापन गरी स्वास्थ्य सेवा तथा कार्यक्रमका क्षेत्रमा दीर्घकालिन र क्रमिक सुधारका नीतिहरू अवलम्बन गरिनेछ।

३६. दुर्गम क्षेत्रमा विशेषज्ञ चिकित्सकको उपलब्धता सुनिश्चित गर्न विशेष प्रोत्साहन योजना कार्यान्वयन गरिनेछ। अस्पतालहरुमा एकीकृत अनलाईन मेडिकल रेकर्ड र न्यूनतम सेवा मापदण्ड तथा क्लिनिकल अडिटको माध्यमबाट अस्पताल गुणस्तर सुधार कार्यक्रम लागू गरिनेछ।

३७. प्रतिकारात्मक, प्रवर्धनात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक तथा प्रशामक (प्यालिएटिभ) स्वास्थ्य सेवालाई सर्वव्यापी पहुँचको अवधारणा अनुरुप विस्तार गरिनेछ। प्रादेशिक अस्पतालहरुमा विशेषज्ञ आँखा सेवा तथा तालिम लगायत मुटु, मस्तिष्क रोग, जलनको उपचार, डायलाइसिस एवम् कृत्रिम गर्भधारण सम्बन्धी विशेषज्ञ चिकित्सकीय सेवाको विकास तथा विस्तार गरिनेछ। बर्थिङ सेन्टरहरूलाई सबलीकरण गर्दै प्रादेशिक अस्पतालहरूमा मातृ तथा नवशिशु स्वास्थ्य सेवा सुदृढीकरण गरिनेछ।

३८. मानसिक स्वास्थ्य प्रवर्धनलाई जोड दिँदै मानसिक चिकित्सा सेवा र आत्महत्या न्यूनीकरणका लागि आवश्यक मनोपरामर्श तथा निःशुल्क उपचार सेवा प्रदान गरिनेछ।

३९. **"सबै नीतिमा स्वास्थ्य नीति"** कार्यान्वयनलाई निरन्तरता दिइनेछ। स्थानीय तहसँगको समन्वय र साझेदारीमा मादक पदार्थ र सूर्तिजन्य पदार्थको उपभोगलाई निरुत्साहित गर्दै **एक जिल्ला, एक स्वस्थ शहर** अवधारणालाई क्रमशः सबै जिल्लाहरुमा सञ्चालन गरिनेछ। स्थानीय तहसँगको साझेदारीमा सञ्चालन हुने **एक स्थानीय तह, एक नमूना स्वास्थ्य संस्था** र **एक विद्यालय एक नर्स कार्यक्रम**लाई क्रमशः समुदायस्तरमा विस्तार गरी क्षमता अभिवृद्धि सहित सञ्चालन गरिनेछ।

४०. स्वास्थ्य संस्था नियमन सर्भिलेन्स प्रणाली, जनस्वास्थ्य विपद् पूर्वतयारी तथा प्रतिकार्यलाई सुदृढीकरण गरिनेछ। एकीकृत जनस्वास्थ्य तथा पोषण प्रवर्धन अभियान तथा विशेषज्ञ स्वास्थ्य शिविर सञ्चालन गरिनेछ। आधारभूत अस्पतालहरुमा इमर्जेन्सी स्वास्थ्य सेवाको लागि विशेषज्ञ अस्पतालसँग टेलिमेडिसिन सेवा सञ्चालन गरिनेछ। औषधी निगरानी प्रणाली, प्रतिजैविक प्रतिरोध न्यूनीकरणका कार्यक्रमहरु विकास तथा विस्तार गरिनेछ।

४१. **मुख्यमन्त्री जनता स्वास्थ्य कार्यक्रम**लाई स्थानीय तहसँगको सहकार्यमा समुदाय स्तरसम्म विस्तार गरिनेछ। उच्च रक्तचाप उपचारको लागि तोकिएका औषधिहरु निःशुल्क उपलब्ध गराउँदै मुखको क्यान्सर, महिलाहरुमा हुने स्तन क्यान्सर तथा पाठेघरको मुखको क्यान्सर र पुरुषहरूमा हुने प्रोष्टेट क्यान्सरको समयमा नै पहिचान र रोकथाम गर्न निःशुल्क सेवाको व्यवस्था मिलाइनेछ। क्यान्सर बिरामीका लागि प्रदेश सरकारले प्रदान गर्दै आएको सहुलियतपूर्ण उपचारलाई निरन्तरता दिँदै पाठेघरसम्बन्धी क्यान्सर भएका महिलाहरूलाई थप उपचार सहुलियत प्रदान गरिनेछ। **"मेरो स्वास्थ्य, मेरो जिम्मेवारी - एक घण्टा, मेरा लागि"** अभियानलाई निरन्तरता दिइनेछ।

४२. ज्यान जोखिममा रहेका गर्भवती र सुत्केरी आमाहरुको निःशुल्क हवाई उद्धार कार्यक्रमलाई निरन्तरता दिइनेछ। स्वास्थ्य विषयका विभिन्न विधामा अध्ययनरत विद्यार्थीहरुलाई समेत परिचालन गर्दै **सामुदायिक स्वास्थ्य स्वयंसेवक कार्यक्रम** सञ्चालन गरिनेछ। दुर्गम गाउँपालिकाहरूमा **एक स्वास्थ्य संस्था, एक ग्रामीण अल्ट्रासाउण्ड** कार्यक्रम विस्तार गरिनेछ।

४३. आयुर्वेद औषधी उत्पादन केन्द्रबाट २१ प्रकारका आयुर्वेद औषधीहरू उत्पादन गरी वितरण गरिनेछ। आयुर्वेद तथा वैकल्पिक चिकित्सालयहरूबाट विशेषज्ञ आयुर्वेद सेवाको विस्तार गर्दै अन्तरङ्ग सेवा समेत प्रदान गरिनेछ। स्वास्थ्य पर्यटनलाई प्रवर्धन गर्दै योग, ध्यान र प्राणायामको नियमन तथा संस्थागत विकास गर्नका लागि प्रदेश योग समिति गठन गरिनेछ।

४४. तोकिएका प्रादेशिक अस्पतालहरुमा स्थानीय तहसँगको साझेदारीमा ट्रमा सेन्टरको विकास गरिनेछ। विपन्न, असहाय, बेवारिसे, विपद्का घाइते लगायतका लक्षित वर्गलाई आइ.सी.यू. लगायतका स्वास्थ्य सेवा निःशुल्क रुपमा उपलब्ध गराइनेछ। बिमा कार्यक्रमलाई सुदृढीकरण गर्दै सीमान्तकृत, लोपोन्मुख, आश्रममा आश्रित, अपाङ्गता “ख” वर्गका व्यक्ति र महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूको सम्मान तथा बिमामा सहयोग कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४५. मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको क्षमता विकास तथा सेवा विस्तार गर्दै स्नातकोत्तर (एम.डी.), स्नातक तह(एम.बी.बी.एस.) लगायत थप विधामा अध्ययन अध्यापनलाई निरन्तरता र शुरुवात गरिनेछ। अस्पतालहरूमा क्रमशः नर्सिङ्ग विषयको अध्ययन अध्यापन गराउने व्यवस्था मिलाइनेछ।

४६. सरकारी निजी सहकार्यको अवधारणा अनुसार प्रदेश औषधी उत्पादन केन्द्र र ड्रग एण्ड टक्सीकोलोजी केन्द्र स्थापना तथा प्रादेशिक अस्पतालहरूमा विशेषज्ञ/विशिष्टीकृत आँखा र रोवोटिक्स शल्यक्रिया सेवासहित अन्य सेवाहरू विस्तार गरिनेछ।

४७. उमेर सापेक्ष विकाससँग सम्बन्धित रोगहरु र अनुवांशिक एवम् जन्मजात स्वास्थ्य समस्याको निःशुल्क परीक्षण र उपचार गरिनेछ। हेमोफिलियाका बिरामीहरूलाई प्रादेशिक अस्पतालबाट उपचार तथा एन्टीहेमोफेलिक फ्याक्टर निःशुल्क उपलब्ध गराइनेछ। बालबालिकालाई विद्यालयस्तरमा श्रवण, दृष्टि र दन्त परीक्षण गरी उपचार र चस्मा उपलब्ध गराइनेछ। भविष्यमा हुन सक्ने बाथ रोग र मुटु रोगको निःशुल्क स्क्रिनिङ गरिनेछ।

**माननीय सदस्यहरु,**

४८. प्रदेश सहकारी नीति तर्जुमा गरी वित्तीय तथा व्यवस्थापकीय जोखिममा रहेका सहकारी संस्थाहरुको अध्ययन, विश्लेषण र वर्गीकरण गर्नुका साथै बचतकर्ताहरुको बचत तथा लगानी संरक्षणमा जोड दिइनेछ। सहकारी संस्थाहरुको सम्पूर्ण अभिलेख सुरक्षित र व्यवस्थित राख्न अभिलेखहरुको डिजिटाइजेशन गरिनेछ।

४९. उत्पादनमूलक सहकारी संघ/संस्थाहरुको प्रभावकारी उत्पादन, प्रशोधन र बजारीकरणको लागि प्रविधि, मेसिनरी उपकरण तथा सीप हस्तान्तरण मार्फत प्रोत्साहन गरिनेछ।

५०. गरिब परिवारको उत्थान एवम् सिमान्तकृत, दलित, पिछडिएका तथा बञ्चितीकरणमा परेका समुदायको लागि आय आर्जन तथा जीविकोपार्जन सुधार कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**माननीय सदस्यहरु,**

५१. **स्वास्थ्य तथा अनुशासनका लागि खेलकुद** भन्ने मर्मलाई आत्मसात गर्दै खेलकुद पूर्वाधारको विकास र प्रशिक्षणको व्यवस्था गरी प्रतिभावान, व्यावसायिक तथा अन्तर्राष्ट्रिय पदक हासिल गरेका खेलाडीहरूलाई खेल क्षेत्रमा निरन्तरता दिन प्रोत्साहन गर्ने नीति लिइनेछ।

५२. निर्माणाधीन गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रङ्गशालालाई सहलगानीमा निर्माण गरी प्रतिफल बाँडफाँडको व्यवस्था गरिनेछ। हेटौंडाको गौरीटारमा निर्माणाधीन अन्तर्राष्ट्रिय खेलकुद र प्रदेशमा निर्माणधीन अन्य खेलकुद पूर्वाधार निर्माणका कार्यलाई निरन्तरता दिइनेछ।

५३. "**युवाको सर्वाङ्गीण विकास, राष्ट्र निर्माणको आधार**" भन्ने अभियानलाई निरन्तरता दिइनेछ। युवावर्गको उद्यमशीलता विकास गर्न आवश्यक तालिम, सीप विकास मार्फत रोजगार सृजना गर्ने कार्यक्रमहरुलाई प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ। वातावरण तथा पर्यावरणीय संरक्षणमा युवा जनशक्ति परिचालन गरिनेछ।

५४. स्थानीयस्तरमा हुने खेलकुदलाई प्रोत्साहन गर्दै प्रादेशिक खेलकुद प्रतियोगिता सञ्चालन गरिनेछ। खेल पर्यटनको विकासका लागि पर्वतीय खेल सहितका पहिचान गरिएका साहसिक खेलहरूलाई समेत समावेश गर्दै लगिनेछ।

५५. खेलाडीहरुलाई एन्टी डोपिङसँग सम्बन्धित सचेतनामूलक कार्यक्रम र स्वयंसेवक खेलकुद प्रशिक्षक कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

५६. उद्यमशीलता, रोजगारी र खेलकुद मार्फत राष्ट्र निर्माणमा युवाहरुको योगदान वृद्धि गर्ने लक्ष्य अनुरुप **एक निर्वाचन क्षेत्र एक बहुउद्देश्यीय खेलमैदान कार्यक्रम** सञ्चालन गरिनेछ।

**माननीय सदस्यहरु,**

५७. प्रदेशभित्र बसोबास गर्ने सबै नागरिकलाई स्वच्छ, भरपर्दो र व्यवस्थित खानेपानी तथा सरसफाइ सेवा उपलब्ध गराई जनस्वास्थ्य र वातावरणीय स्वच्छताको संरक्षण, सम्बर्द्धन र नियमन गर्न आवश्यक नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ।

५८. **"एक घर एक धारा"**को अवधारणा अनुसार आधारभूत खानेपानी सेवा विस्तार कार्यलाई निरन्तरता दिइनेछ। सुख्खाग्रस्त क्षेत्रमा लिफ्ट प्रविधि मार्फत स्वच्छ खानेपानीको सङ्कलन, भण्डारण र वितरण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ। ऐतिहासिक ढुङ्गेधाराहरु र परम्परागत खानेपानीका स्रोतहरुलाई सम्पदाकै रुपमा संरक्षण गर्ने नीति लिइनेछ।

५९. **"पहाडका गह्रा: सधैं हराभरा"** हुने गरी लिफ्ट सिँचाइ लगायत नयाँ प्रविधिमा आधारित सिँचाइ प्रणालीको विकासलाई निरन्तरता दिइनेछ। भूमिगत जलस्रोतको प्रयोग मार्फत सिँचाइ क्षेत्र विकासलाई जोड दिइनेछ।

६०. बढ्दो शहरीकरणसँगै अव्यवस्थित ढल प्रणालीलाई व्यवस्थित गर्न प्राथमिकताका आधारमा ढल निर्माण कार्यक्रम सञ्चालनमा ल्याइनेछ।

६१. "**खाद्य सुरक्षाको लागि उत्पादन, उत्पादनका लागि** सिँचाइ" को मर्म अनुरुप सिँचाइ योजनाहरुको कार्यान्वयनलाई निरन्तरता दिइनेछ। परम्परागत

राजकुलो, मुहान, ताल तलैया र पोखरीहरुको संरक्षण तथा पुनर्स्थापना गरी प्रभावकारी सिँचाइ सेवा उपलब्ध गराइनेछ।

६२. जलवायु परिवर्तन, जलउत्पन्न विपद् तथा नदी कटानका कारण जोखिममा रहेका मानव बस्ती तथा कृषियोग्य जमिनको संरक्षण गर्न तटबन्ध निर्माण कार्यलाई निरन्तरता दिइनेछ। विपद्बाट क्षति पुगेका खानेपानी, सिँचाइ तथा तटबन्धका संरचनाहरुको मर्मत तथा पुनर्निर्माण कार्य प्राथमिकताका साथ अगाडि बढाइनेछ।

६३. प्रदेशस्तरका उर्जा तथा विद्युत क्षेत्रको विकास तथा नियमनको लागि आवश्यक कानून निर्माण गरी कार्यान्वयनमा लगिनेछ।

**माननीय सदस्यहरु,**

६४. लोपोन्मुख र अति सिमान्तकृत समुदायका बालबालिकाहरुको पहुँच र गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि सामुदायिक विद्यालयमा आवासीय कार्यक्रमलाई निरन्तरता दिँदै स्थानीय तहको साझेदारीमा आवश्यकताअनुसार आवासीय विद्यालय विस्तार गरिनेछ। अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयनमा तहगत सरकारसँग सहकार्य गरिनेछ।

६५. विद्यालय तहदेखि नै नैतिक शिक्षा र सीप शिक्षा कार्यक्रम सञ्चालनका लागि स्थानीय तहसँग सहकार्य गरिनेछ। सामुदायिक माध्यमिक विद्यालयमा सञ्चालन हुँदै आएको व्यावसायिक सिकाई कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६६. "**गुणस्तरीय शिक्षा, सबैको इच्छा**" भन्ने मर्मलाई आत्मसात् गर्दै प्रदेशको शैक्षिक गुणस्तर मापदण्ड तर्जुमा गरी कार्यान्वयनका लागि आवश्यक प्रबन्ध

गरिनेछ। सामुदायिक विद्यालयहरुमा आधुनिक प्रविधिमैत्री र अनुसन्धानमा आधारित **भिम बहादुर तामाङ शैक्षिक गुणस्तर सुधार कार्यक्रम** सञ्चालन गरिनेछ। विपद्बाट क्षतिग्रस्त पूर्वाधार निर्माण एवम् शैक्षिक पूर्वाधार निर्माणलाई निरन्तरता दिइनेछ।

६७. शून्य दरबन्दी भएका सामुदायिक माध्यमिक विद्यालयहरूलाई दिँदै आएको अनुदानलाई पुनरावलोकन गरी स्थानीय तहसँगको साझेदारीमा सूचना प्रविधि शिक्षक अनुदान कार्यक्रम सञ्चालन गरिनेछ।

६८. बागमती प्रदेश विश्वविद्यालयको संस्थागत सुदृढीकरण एवम् पूर्वाधार निर्माण गर्दै राष्ट्रको लागि आवश्यक उच्चस्तरीय जनशक्ति उत्पादनका लागि शैक्षिक कार्यक्रम सञ्चालन गरिनेछ। पूर्व राष्ट्रसेवकहरूमा रहेको ज्ञान, सीप र अनुभवलाई सुमचित उपयोग गर्न प्रदेशस्थित सामुदायिक क्याम्पसहरुमा स्वयंसेवकको रुपमा ज्ञान तथा अनुभव हस्तान्तरण गराउने वातावरण मिलाइनेछ।

६९. **"रोजगारीका लागि सीपः भविष्य सुनिश्चित"** भन्ने नाराका साथ प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमलाई एकद्वार प्रणालीबाट सञ्चालन गरी उद्यम र रोजगारीसँग जोड्न औद्योगिक प्रतिष्ठानसँग सहकार्य गरिनेछ। यसका लागि प्रदेश प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्को संस्थागत सबलीकरण गरिनेछ।

७०. विद्यार्थीहरुमा वैज्ञानिक खोज तथा अनुसन्धान संस्कृतीको विकास गर्दै विज्ञान प्रविधिका क्षेत्रमा प्रतिभाको विकास गर्न STEM शिक्षा एवम् विज्ञान मेलाहरु आयोजना गरिनेछ। विज्ञान प्रविधि र नवप्रर्वतन कोषलाई निरन्तरता दिइनेछ।

७१. विश्वविद्यालयका विभिन्न तह र संकायमा अध्ययनरत विद्यार्थीहरुलाई इन्टर्नसीप एवम् स्वयम्सेवकको माध्यमबाट प्रदेश सरकार एवम् स्थानीय तहका विभिन्न कार्यालयहरुमा गई काम गर्ने र सिक्ने अवसर प्रदान गरिनेछ।

७२. ज्येष्ठ नागरिकको आत्मसम्मान एवम् उनीहरुको ज्ञान, सीप तथा अनुभवको पुस्तान्तरणका लागि उपयुक्त वातावरण तयार गरिनेछ। हेरचाह केन्द्र एवम् विश्रामस्थल सहितका पूर्वधारहरुको सुदृढीकरणका लागि सरकारी तथा गैरसरकारी निकायबीच सहकार्य गरिनेछ।

७३. प्रदेश भित्र निर्माण हुने सार्वजनिक संरचनाहरु अपाङ्गमैत्री बनाउनका लागि मापदण्ड तर्जुमा गरिनेछ। स्वरोजगार, आयआर्जन र उद्यमशीलताको एकीकृत कार्यक्रमबाट अपाङ्गता भएका व्यक्तिहरूको सशक्तिकरण गर्न सीपमूलक तालिम र समुदायमा आधारित पुनर्स्थापना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

७४. **"आत्मनिर्भरताका लागि महिला सशक्तिकरण"** भन्ने आदर्श वाक्यका साथ महिलाको हक कार्यान्वयनका लागि गृहिणी महिला सशक्तिकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ। बेचबिखन तथा ओसारपसारबाट पीडित एवम् लैङ्गिक हिंसाबाट प्रभावितहरूको सुरक्षाका लागि उद्धार, राहत, मनोसामाजिक परामर्श एवम् पुनर्स्थापनासम्बन्धी कार्यक्रमहरू र यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यक समुदायको मूलप्रवाहीकरणको लागि वृत्ति विकास तथा रोजगारमूलक कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ।

७५. बालअधिकारको संरक्षण र कार्यान्वयन गर्न स्थानीय तहमा बालमैत्री स्थानीय शासनका लागि सहकार्य गरिनेछ। अनाथ बालबालिकाहरूका लागि स्थानीय तहको सहकार्यमा सञ्चालन गर्दै आएको सामाजिक सुरक्षा कार्यक्रमलाई

निरन्तरता दिइनेछ। बाल अधिकारको कार्यान्वयन गर्न प्रदेश भित्र सञ्चालनमा रहेका बालगृहहरुको अभिलेखीकरण र नियमन मार्फत सुधारका लागि सहयोग गरिनेछ।

७६. **सहयोगापेक्षी सडक मानवमुक्त बागमती प्रदेश** अभियान सफल बनाउन स्थानीय तह र गैरसरकारी संस्थाहरुसँग समन्वय र सहकार्य गरिनेछ।

**माननीय सदस्यहरु,**

७७. "**युवालाई स्वदेशमै रोजगार-समृद्ध प्रदेशको बलियो आधार**" भन्ने नाराका साथ विज्ञान, प्रविधि, स्टार्टअप, इन्क्युवेशन सेन्टर, मेला महोत्सव र सीप विकास तालिम मार्फत् नवप्रवर्तन र उद्यमशीलता प्रवर्धन गर्दै प्रदेशका सबै जिल्लामा **उद्यमशीलता प्रवर्धन कार्यक्रम** सञ्चालनलाई निरन्तरता दिइनेछ।

७८. बागमती प्रदेश स्थित सिन्धुली, मकवानपुर र चितवन जिल्लामा पर्ने मदनभण्डारी राजमार्ग र पूर्व-पश्चिम राजमार्ग क्षेत्रलाई औद्योगिक तथा बजार क्षेत्रको रुपमा विकास तथा प्रवर्धन गर्ने कार्यको शुरुवात गरिनेछ।

७९. **"जहाँ उत्पादन, त्यहाँ रोजगारी"** भन्ने नाराकासाथ प्रत्येक जिल्लामा स्थानीय श्रोत, साधनको उच्चतम उपयोग गर्दै रोजगारी सिर्जना र उत्पादन प्रवर्धन गर्न **"एक वडा एक उद्यम, एक स्थानीय तह एक प्रमुख उद्योग"** कार्यक्रम सञ्चालन गरिनेछ।

८०. उद्योग तथा वाणिज्य प्रशासन सम्बन्धी कार्यलाई विद्युतीय प्रणाली मार्फत सञ्चालन गर्न आगामी आर्थिक वर्षमा ४ वटा उद्योग तथा वाणिज्य कार्यालयलाई नमूना कार्यालयको रुपमा विकास गरिनेछ।

८१. उद्यमशीलताको विकास मार्फत् रोजगारी सिर्जना गर्न रणनीतिक योजना निर्माण गरी कार्यान्वयनमा ल्याइनेछ। **"एक कार्यालय एक वस्तु विकास केन्द्र"** को अवधारणा अनुसार उद्यमशीलताको विकास, रोजगारी सिर्जना गर्न सबै उद्योग तथा वाणिज्य कार्यालयहरूलाई स्रोत केन्द्रको रुपमा विकास गरिनेछ।

८२. भूमिको एकीकृत र वस्तुनिष्ठ लगत तयार गर्न प्रादेशिक भूउपयोग योजना तयार गरी कार्यान्वयनमा लगिनेछ। भूमिको उत्पादनशीलता अभिवृद्धि गर्न जग्गाको वर्गीकरण, उपयोगका लागि भूमि बैंक मार्फत यान्त्रिकीकरण र व्यावसायीकरणमा जोड दिइनेछ। उत्पादनको दिगोपना र निरन्तरताको लागि उत्पादनसँग अनुदानको आवद्धता कायम गर्दै लगिनेछ।

८३. भूमि सम्बन्धी तथ्याङ्क सङ्कलन गर्ने र नियमित अद्यावधिक गर्ने कार्यलाई प्राथमिकता दिइनेछ। तथ्याङ्क सङ्कलन र भू-सूचना प्रणालीलाई पूर्णरुपमा कार्यान्वयनमा ल्याइनेछ।

८४. बागमती प्रदेश भित्रका खानी तथा खनिज पदार्थको अन्वेषण तथा अनुसन्धान गर्ने कार्यलाई निरन्तरता दिइनेछ। खानी तथा खनिज पदार्थहरूको सर्भेक्षण, अभिलेखाङ्कन कार्यको शुरुवात गरिनेछ।

८५. बागमती प्रदेश भित्र औधोगिक क्षेत्र, औधोगिकग्राम तथा हस्तकलाग्राम स्थापना कार्यलाई निरन्तरता दिँदै औद्योगिक विकासका लागि घरेलु, साना तथा मझौला उद्योग र परम्परागत तथा मौलिक काष्ठ, प्रस्तर कला, बाजागाजा उत्पादन गर्ने हस्तकला उद्योगहरूको प्रवर्धन गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ।

८६. घरेलु मदिराको उत्पादनमा आधुनिक प्रविधिको प्रयोग गरी ब्राण्डिङ्ग गर्न तहगत समन्वय र सहजीकरण गरिनेछ। हिमाली क्षेत्रको खानेपानी प्रशोधन, बजारीकरण र ब्राण्डिङ्गको लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ।

**माननीय सदस्यहरु,**

८७. दिगो विकास लक्ष्य, प्रदेश सरकारको दोस्रो आवधिक योजना र क्षेत्रगत नीतिहरुको प्रभावकारी कार्यान्वयन गरिनेछ। दिगो विकास लक्ष्यको कार्यान्वयन अवस्था प्रतिवेदन तयार गरिनेछ।

८८. क्षेत्रगत नीति विश्लेषण तथा समीक्षा, नीतिगत र कार्यक्रमिक अनुगमन तथा मूल्याङ्कनलाई कानूनद्वारा व्यवस्थित गरी प्रदेश मन्त्रालयहरूको सम्पन्न आयोजना र कार्यक्रमहरुको प्रभाव मूल्याङ्कन गरी नीतिगत र कार्यक्रमिक सुधार गरिनेछ।

**माननीय सदस्यहरु,**

८९. **"उत्थानशील प्रदेश निर्माणका लागि विपद् जोखिम न्यूनीकरणमा लगानी"** भन्ने नारालाई आत्मसात् गर्दै विपद् पूर्वतयारीमा जोड दिइनेछ। प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्रलाई प्रविधिमैत्री बनाइनेछ। स्थानीय तहहरुका विपद् गोदामघर तथा आपतकालीन कार्यसञ्चालन केन्द्रहरुको स्तरोन्नतिका लागि सहयोग गरिनेछ।

९०. विपद् सम्बन्धी अध्ययन, अनुसन्धानलाई प्रोत्साहन गर्दै सोको आधारमा बहुप्रकोप पूर्वसूचना प्रणाली स्थापना र सञ्चालन गरिनेछ। विपद् जोखिम हस्तान्तरणका निम्ति विपद् बिमा जस्ता कार्यक्रमहरु थालनी गरिनेछ।

९१. शीघ्र खोज तथा उद्धार कार्यका लागि प्रदेशस्थित सुरक्षा निकाय परिचालनका लागि समन्वय गरिनेछ। विपद् प्रतिकार्यका लागि प्रदेश गोदामघरहरुमा उद्धार तथा राहत सामग्रीको उचित व्यवस्थापन गर्नुका साथै गोताखोरहरुलाई आवश्यक अत्याधुनिक उपकरणहरुको प्रवन्ध गरिनेछ। विपद् व्यवस्थापनको क्षेत्रमा कार्यरत जनशक्तिको क्षमता विकास गर्ने कार्यलाई निरन्तरता दिइनेछ।

९२. प्रहरी समायोजन कार्य यथाशीघ्र सम्पन्न गर्न अन्य प्रदेशहरुसँगको समन्वय र सहकार्यमा सङ्घीय सरकारसँग पहल गरिनेछ। प्रदेशको शान्ति सुरक्षा सुव्यवस्था कायम गर्न प्रदेश तथा जिल्लास्तरीय सुरक्षा समितिहरु लगायत सरोकारवाला निकायहरुसँग समन्वय तथा सहकार्य गरिनेछ।

९३. तहगत सरकारको समन्वयमा प्रदेश प्रहरी अस्पताल लगायत भौतिक संरचनाको मर्मत तथा विकास, अपराध अनुसन्धानमा सहयोगी डिजिटल फरेन्सिक ल्याब, कारागार र बालसुधार गृह सुदृढीकरण तथा कैदीबन्दीको क्षमता विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ।

९४. सुरक्षा संवेदनशील स्थानहरूमा आधुनिक प्रविधियुक्त सुरक्षा सामग्रीको जडानलाई प्राथमिकता दिँदै तहगत सरकारको सहकार्यमा अत्याधुनिक सुरक्षा जाँच चौकी निर्माण गरिनेछ। सडक दुर्घटना न्यूनीकरणका लागि जनचेतनामूलक कार्यक्रम सञ्चालन र आवश्यक सुरक्षा उपकरणहरूको व्यवस्था गरिनेछ।

९५. लागुऔषध बेचबिखन, ओसारपसार र सेवनलाई निरुत्साहित गर्न सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ। पुनर्स्थापना केन्द्रमा रहेका दुर्व्यसनीहरूलाई सामाजिक पुनःएकीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

९६. नागरिकहरुमा कानून र न्यायमा पहुँच अभिवृद्धि गर्न प्रवर्द्धनात्मक कार्यक्रम सञ्चालन गरिनेछ। स्थानीय तहमा न्यायिक सहजकर्ता कार्यक्रम तथा न्यायिक समितिका पदाधिकारीको क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइनेछ।

९७. **"समुन्नत समाजका लागि सूचना तथा सञ्चार"** भन्ने अवधारणाका साथ सञ्चार क्षेत्रको विकासको लागि कानूनी तथा कार्यक्रमगत प्रबन्ध गरिनेछ। श्रमजीवि पत्रकारहरुको न्यूनतम सेवा सुविधा र सामाजिक सुरक्षाको प्रत्याभूति गराउन पहल गरिनेछ। विज्ञापन अनुगमन तथा नियमनको प्रभावकारिता अभिवृद्धि गर्नका लागि कानूनी प्रबन्ध मिलाइनेछ।

९८. प्रदेश भित्र विशिष्ट योगदान पुऱ्याउने महानुभावहरुलाई प्रदेश सरकारको तर्फबाट कदर स्वरुप सम्मान गरिने व्यवस्था मिलाइनेछ।

९९. सङ्घीय सरकारसँगको समन्वय र सहकार्यमा डाटा सुरक्षा तथा डाटा सेन्टर सञ्चालनको लागि आवश्यक प्रबन्ध गरिनेछ।

**माननीय सदस्यहरु,**

१००. प्रदेश सरकारको क्षेत्राधिकारभित्र पर्ने धार्मिक, सांस्कृतिक तथा ऐतिहासिक सम्पदाहरुको संरक्षण तथा व्यवस्थापनको लागि आवश्यक कानूनी प्रबन्ध मिलाइनेछ। बागमती प्रदेशलाई देशकै प्रमुख पर्यटकीय गन्तव्यको रूपमा स्थापित गर्न तथा चितवनलाई प्रदेशको पर्यटन केन्द्रको रुपमा विकास गर्नका लागि आवश्यक नीति तर्जुमा गरिनेछ।

१०१. प्रदेश भित्र बोलिने भाषा, कला, साहित्य, धर्म तथा मौलिक संस्कृतिको पहिचान, संरक्षण र प्रवर्धनका लागि प्रदेश संस्कृति नीति तर्जुमा गरिनेछ। बालबालिकामा मातृभाषा प्रवर्धनका लागि श्रव्यदृश्य, पाठ्य सामग्री विकास लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ।

१०२. प्रदेशको मौलिकता एवम् सांस्कृतिक विविधता झल्काउने चलचित्रहरुको निर्माणलाई प्रोत्साहन गरिनेछ । पर्यटकीय क्षेत्र दोलखाको डांडडुडे डाँडालाई फिल्म सिटीको रुपमा विकास गरिनेछ।

१०३. प्रदेशभित्र रहेका प्रमुख पर्यटकीय गन्तव्यहरुको प्रवर्धन गर्न स्वदेशमा तथा विदेशमा रहेका पर्यटनसँग सम्बन्धित चर्चित कन्टेन्ट क्रिएटर, भ्लगरहरुलाई परिचालन गर्ने नीति लिईनेछ। पर्यटन प्रवर्धनका लागि **बागमती पर्यटन डिजिटल अभियान** सञ्चालन गरिनेछ।

१०४. बागमती प्रदेशको पर्यटकीय क्षेत्रमध्ये बृहत सम्भावना बोकेको साहसिक पर्यटन प्रवर्धनको लागि सुरक्षित तथा साहसिक पर्यटन प्रवर्धन कार्यक्रमहरु तर्जुमा गरिनेछ। पर्यटन, वातावरण, रैथाने संस्कृतिबीच तादात्म्यता कायम गर्ने उद्देश्य सहित हरित प्रविधि प्रवर्धन, होमस्टे तथा Meet the People

कार्यक्रम सञ्चालन गरिनेछ। प्रदेशलाई आरोग्य पर्यटनको आकर्षक स्थलको रुपमा विकास गर्न निजी क्षेत्रसँग सहकार्य गरिनेछ।

१०५. बागमती प्रदेश भित्रका ७ हजार मिटर भन्दा कम उचाईका अपरिचित हिमशिखरहरुको अन्वेषण र आरोहणलाई प्रवर्धन गर्ने नीति लिइनेछ। साहसिक पर्यटन क्षेत्रमा पर्यटकीय आगमनलाई बढावा दिन प्रदेशमा रहेका ६ हजार मिटरसम्मका हिमालहरुलाई ट्रेकिङ पिकको रुपमा विकास गरिनेछ।

१०६. सरोकारवालाहरुको सहकार्यमा पर्यटन व्यवसायमा आवद्ध महिला तथा युवा लक्षित उद्यमशीलतामा आधारित क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ।

**माननीय सदस्यहरु,**

१०७. **"प्रविधिको विकास सुशासनको आधार"** अन्तर्गत यातायात व्यवस्थासँग सम्बन्धित सबै सेवालाई अनलाइन प्रणालीबाट प्रदान गर्ने व्यवस्था मिलाइनेछ। सङ्घीय सरकारसँगको सहकार्यमा सवारी चालक अनुमतिपत्र, सवारी दर्ता प्रमाण पत्र, सवारी प्रदूषण परीक्षण प्रमाण पत्रलाई राष्ट्रिय परिचय पत्रसँग आबद्ध गरी क्यू-आर कोड सहित परीक्षण/नियमन गर्न सकिने व्यवस्था मिलाइनेछ।

१०८. सार्वजनिक यातायातलाई सुरक्षित, भरपर्दो, व्यवस्थित बनाई यसको प्रभावकारी नियमनबाट प्रदेश सरकारको राजस्व अभिवृद्धि गरिनेछ। राईड

सेयरिङलाई कानून तर्जुमा गरी प्रभावकारी नियमन तथा राजस्वको दायरामा ल्याइनेछ।

१०९. बागमती प्रदेश भित्रका युवा जनशक्तिलाई स्वरोजगार प्रवर्धन गर्ने कार्यमा सहजीकरण गर्न मापदण्ड भित्रका साना सार्वजनिक सवारी दर्ताको लागि आवश्यक नीतिगत व्यवस्था गरिनेछ।

११०. **"श्रम सीपको सम्मानः बागमती प्रदेशको अभियान"** अन्तर्गत तहगत सरकारको समन्वयमा वैदेशिक रोजगारीलाई व्यवस्थित र मर्यादित बनाउँदै लगिनेछ। स्वदेशमै सम्मानित र उत्पादनमूलक रोजगारी सिर्जनाको लागि सीप विकास कार्यक्रम सञ्चालन गरिनेछ। स्वरोजगार प्रवर्धन, बालश्रम उन्मूलन र कार्यस्थल सुरक्षा सम्बन्धी मापदण्डलाई प्रभावकारी रूपमा लागू गरिनेछ।

**माननीय सदस्यहरु,**

१११. निर्णय प्रक्रिया र अनुगमन तथा मूल्याङ्कन प्रणालीमा कृत्रिम बौद्धिकता (ए.आई.) र सूचना प्रविधिको उच्चतम प्रयोग गरिनेछ। विद्युतीय रुपान्तरण (डिजिटल ट्रान्सफर्मेशन) कार्ययोजना तयार गरी प्रदेशलाई चाहिने विभिन्न प्रणालीहरुको चरणबद्ध पहिचान, विकास तथा आन्तरिकीकरण गर्दै प्रशासनिक सुधार एवम् गतिशीलता प्रदान गरिनेछ।

११२. भ्रष्टाचारविरूद्ध शून्य सहनशीलताको नीति लिई प्रादेशिक रणनीतिक कार्ययोजना तयार गरी कार्यान्वयन गरिनेछ। प्रदेश सरकारको सेवा प्रवाहलाई व्यवस्थित, मितव्ययी र प्रभावकारी बनाउन आन्तरिक नियन्त्रण प्रणाली र व्यवस्थापन परीक्षणसम्बन्धी कार्यहरुलाई निरन्तरता दिइनेछ।

११३. प्रदेश लोक सेवा आयोग, प्रदेश किताबखाना र प्रदेश सुशासन केन्द्रको संस्थागत सुदृढीकरण गरिनेछ। कर्मचारीहरुको मनोवल उच्च बनाई प्रदेश सेवामा समर्पित रहने वातावरण वृद्धि गर्न आवश्यक व्यवस्था मिलाइनेछ।

११४. तहगत अन्तरसम्बन्धलाई मजबुत बनाउन प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रमलाई निरन्तरता दिइनेछ। जिल्ला समन्वय समिति सहयोग कार्यक्रम, नमूना वडा समाजवादी कार्यक्रम र स्थानीय तहमा नवप्रवर्तन प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ।

**माननीय सभामुखज्यू,**

**माननीय सदस्यहरु,**

११५. बागमती प्रदेशको प्रस्तुत नीति तथा कार्यक्रमले दिगो विकासका लक्ष्य, सोह्रौं योजना तथा बागमती प्रदेशको दोश्रो आवधिक योजनाका उद्देश्य प्राप्त गर्न योगदान गर्ने विश्वास लिएको छु। यस नीति तथा कार्यक्रमको कार्यान्वयनमा सर्वपक्षीय सहयोग प्राप्त गर्न प्रदेश सरकारले सबै राजनीतिक दल एवम् सरोकारवालाहरुसँग समन्वय र सहकार्यको वातावरण सृजना गर्ने विश्वास व्यक्त गर्न चाहन्छु।

११६. अन्त्यमा, बागमती प्रदेशको सर्वाङ्गीण विकासमा योगदान पुऱ्याउने प्रदेश सभाका सदस्य तथा जनप्रतिनिधिहरु, राजनीतिक दलहरू, राष्ट्रसेवक कर्मचारीहरू, सञ्चारकर्मीहरू, निजी क्षेत्र तथा नागरिक समाज, विकास निर्माणमा श्रम उत्सर्जन गर्ने श्रमजीविहरु एवम् प्रदेशबासी आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक आभार व्यक्त गर्दछु।

**धन्यवाद।**